"मीठे बच्चे– बाबा आउनुभएको छ तिमीलाई करेन्ट दिन , तिमी देहीअभिमानी भयौ , बुद्धियोग एक बाबासँग भयो भने करेन्ट मिलिरहन्छ।"

प्रश्नः– सबैभन्दा ज्यादा आसुरी स्वभाव कुनचाहिँ हो, जुन तिमी बच्चाहरूमा हुनु हुँदैन?

उत्तरः– अशान्ति फैलाउनु, यो हो सबैभन्दा ज्यादा आसुरी स्वभाव। अशान्ति फैलाउनेसँग मनुष्य दिक्क हुन्छन्। ऊ जहाँ जान्छ, त्यहाँ अशान्ति फैलाइदिन्छ त्यसैले भगवानसँग सबैले शान्तिको वर माग्छन्।

गीतः– यह कहानी है दीवे और तूफान की......

ओम् शान्ति। मीठा प्यारा सिकीलधे बच्चाहरूले गीतका लाइन सुन्यौ। यो गीत त भक्तिमार्गको हो, फेरि त्यसलाई ज्ञानमा परिवर्तन गरिन्छ। अरू कसैले परिवर्तन गर्नसक्दैन। तिमीहरू मध्ये पनि नम्बरवार पुरुषार्थ अनुसार बुझ्नसक्छौ, दियो के हो, तुफान के हो! बच्चाहरूलाई थाहा छ– आत्माको ज्योति मलिन भएको छ। अहिले बाबा आउनुभएको छ ज्योति जगाउनको लागि। कोही मर्यो भने पनि दियो जलाउँछन्। त्यसको धेरै सावधानी राख्छन्। सम्झन्छन्– यदि दियो निभ्यो भने आत्मालाई अन्धकार हुँदै जानुपर्छ त्यसैले दियो जलाउँछन्। तर सत्ययुगमा त यो कुरा हुँदैन। आत्मा त्यहाँ त उज्यालोमा हुन्छ। भोक आदिको कुरा हुँदैन, त्यहाँ त धेरै माल मिल्छन्। यहाँ धेरै अन्धकार छ। विकारी दुनियाँ हो नि। सबै आत्माहरूको ज्योति मलिन भएको छ। सबैभन्दा धेरै तिम्रो ज्योति मलिन भएको छ। खासगरी तिम्रो लागि नै बाबा आउनुहुन्छ। तिम्रो ज्योति मलिन भएको छ भने करेन्ट कहाँबाट मिल्छ? बच्चाहरूलाई थाहा छ– करेन्ट त बाबाबाट नै मिल्छ। करेन्ट धेरै छ भने बल्बमा उज्यालो बढ्छ। त्यसैले अहिले ठूलो मेसिनद्वारा तिमीले करेन्ट लिइरहेका छौ। हेर, मुम्बइ जस्तो शहरमा कति मानिसहरू छन्, कति धेरै करेन्ट चाहिन्छ। अवश्य पनि त्यति ठूलो मेसिन हुनुपर्छ। यो हो बेहदको कुरा। सारा दुनियाँका आत्माहरूको ज्योति निभेको छ। तिनीहरूलाई करेन्ट दिनुछ। मूल कुरा बाबाले सम्झाउनुहुन्छ– बुद्धियोग बाबासँग लगाऊ। देहीअभिमानी बन। बाबा कति महान् हुनुहुन्छ, सारा दुनियाँका पतित मानिसहरूलाई पावन बनाउने परमपिता सबैको ज्योति जगाउन आउनुभएको छ। सारा दुनियाँका मनुष्य मात्रको ज्योति बाल्नुहुन्छ। बाबा को हुनुहुन्छ, कसरी ज्योति बाल्नुहुन्छ? यो कुरा त कसैले पनि जानेका छैनन्। उहाँलाई ज्योति स्वरूप पनि भनिन्छ अनि सर्वव्यापी पनि भनिदिन्छन्। ज्योति स्वरूपलाई बोलाउँछन् किनकि ज्योति निभेको छ। अखण्ड ज्योतिको साक्षात्कार पनि हुन्छ। देखाउँछन्– अर्जुनले भने मैले यति तेज सहन गर्न सक्दिनँ। करेन्ट धेरै छ। अब यी कुरालाई तिमी बच्चाहरूले अहिले बुझेका छौ। सबैलाई सम्झाउनु पनि छ– हामी आत्मा हौं। आत्माहरू माथिबाट यहाँ आउँछन्। पहिला आत्मा पवित्र हुन्छ, त्यसमा करेन्ट हुन्छ। सतोप्रधान हुन्छ। सत्ययुगमा आत्माहरू पवित्र हुन्छन् फेरि उनीहरू अपवित्र पनि बन्नुपर्छ। जब अपवित्र बन्छन् तब परमपिता परमात्मालाई आएर मुक्त गर्नुहोस् अर्थात् दुःखबाट मुक्त गर्नुहोस् भनेर बोलाउँछन्। मुक्त गर्नु र पावन बनाउनु– दुवैको अर्थ भिन्नाभिन्नै छ। अवश्य पनि कसैबाट पतित बनेका छन् त्यसैले भन्छन्– बाबा आउनुहोस्, आएर मुक्त पनि गर्नुहोस्, पावन पनि बनाउनुहोस्। यहाँबाट शान्तिधाम लिएर जानुहोस्। शान्तिको वर दिनुहोस्। अहिले बाबाले सम्झाउनुभएको छ– यहाँ त शान्तिमा रहन सकिँदैन। शान्ति त हुन्छ नै शान्तिधाममा। सत्ययुगमा एक धर्म, एक राज्य हुन्छ त्यसैले शान्ति हुन्छ। कुनै हङ्गामा हुँदैन। यहाँ मानिसहरू अशान्तिबाट दिक्क हुन्छन्। एउटै घरमा कति झगडा हुन्छ। मानौं स्त्री-पुरुषको झगडा भयो भने माता, पिता, बालबच्चा, भाइ-बहिनी आदि सबै दिक्क हुन्छन्। अशान्त मनुष्य जहाँ जान्छ, त्यहाँ अशान्ति नै फैलाउँछ किनकि आसुरी स्वभाव छ नि। अहिले तिमीलाई थाहा छ– सत्ययुग हो सुखधाम। त्यहाँ सुख र शान्ति दुवै हुन्छ। त्यहाँ त केवल शान्ति हुन्छ, त्यसलाई भनिन्छ स्वीट साइलेन्स होम। मुक्तिधाममा रहन चाहनेलाई केवल यत्ति सम्झाउनुपर्छ– तपाई मुक्ति चाहनुहुन्छ भने बाबालाई याद गर्नुहोस्।

मुक्तिपछि जीवनमुक्ति अवश्य हुन्छ। पहिला जीवनमुक्त हुन्छन् त्यसपछि जीवनबन्धनमा आउँछन्। आधा आधा हुन्छ नि। सतोप्रधानबाट फेरि सतो, रजो, तमोमा अवश्य आउनुछ। अन्त्यमा जसले एक-दुई जन्म लिएर

आउँछन् तिनीहरूले के सुख-दु:खको अनुभव गर्लान्? तिमीले त सबै अनुभव गर्छौ। तिमीलाई थाहा छ– यति जन्म हामी सुखमा रहन्छौं फेरि यति जन्म दु:खमा हुन्छौं। नयाँ दुनियाँमा फलाना फलाना धर्म आउन सक्दैनन्। उनीहरूको पार्ट नै पछाडि हुन्छ, हुन त नयाँ खण्ड हो, उनीहरूको लागि मानौं त्यही नयाँ दुनियाँ हो। जसरी बौद्धीखण्ड, क्रिस्चियनखण्ड नयाँ भए नि। उनीहरू पनि सतो, रजो, तमोबाट पार हुनुपर्छ। वृक्षमा पनि यस्तै हुन्छ नि। बिस्तारै बिस्तारै वृद्धि हुँदै जान्छ। पहिला जो निस्किएका हुन् ती तलै रहन्छन्। देखेका छौ नि– नयाँ नयाँ पात कसरी निस्किन्छन्। स-साना हरिया पात निस्किइरहन्छन् अनि फूल निस्किन्छन्, नयाँ बिरुवा धेरै सानो हुन्छ। नयाँ बिउ रोपेर त्यसको पूरा स्याहार भएन भने सड्छ। तिमीले पनि पूरा स्याहार गरेनौ भने त सड्छन्। बाबा आएर मनुष्यबाट देवता बनाउनुहुन्छ, त्यसमा पनि नम्बरवार बन्छन्। राजधानी स्थापना हुन्छ नि। धेरै फेल हुन्छन्।

बच्चाहरूको जस्तो अवस्था हुन्छ बाबाबाट त्यस्तै प्यार मिल्छ। कति बच्चाहरूलाई बाहिरबाट पनि प्यार गर्नुपर्ने हुन्छ। कोही कोहीले लेख्छन् बाबा म फेल भएँ। पतित बनें। अब तिनलाई कसले हात लगाउला! ऊ बाबाको दिलमा चढ्नसक्दैन। पवित्रलाई नै बाबाले वर्सा दिन सक्नुहुन्छ। सबैभन्दा पहिला एक एकसँग पूरा समाचार सोधेर पोतामेल लिनुहुन्छ। जस्तो अवस्था त्यस्तै प्यार। बाहिरबाट प्यार गरे पनि मनले जान्नुहुन्छ यो बिल्कुल बुद्धु छ, सेवा गर्न सक्दैन। ख्याल त हुन्छ नि। बच्चा कमाउने भयो भने अज्ञानकालमा पनि पिता धेरै प्यारसँग मिल्छन्। कोही त्यति कमाउने नभए पिताको पनि त्यति प्यार हुँदैन। यहाँ पनि त्यस्तै हो। बच्चाहरूले बाहिर सेवा गर्छन् नि। जुनसुकै धर्मको भए पनि उनलाई सम्झाउनुपर्छ। बाबालाई मुक्तिदाता भनिन्छ नि। मुक्तिदाता र गाइड को हुनुहुन्छ? उहाँको परिचय दिनुपर्छ। परमपिता परमात्मा आउनुहुन्छ र सबैलाई मुक्त गर्नुहुन्छ। बाबा भन्नुहुन्छ– तिमी कति पतित बनेका छौ। पवित्रता छँदैछैन। अब मलाई याद गर। बाबा त सदा पवित्र हुनुहुन्छ। सबै अपवित्रबाट पवित्र अवश्य बन्छन्। पुनर्जन्म लिँदै लिँदै गिर्दै आउँछन्। यतिबेला सबै पतित छन् त्यसैले बाबाले राय दिनुहुन्छ– प्यारा बच्चाहरू! तिमीले मलाई याद गर्यौ भने पवित्र बन्छौ। अहिले त मृत्यु सामुन्ने खडा छ। पुरानो दुनियाँको अब अन्त्य हुन्छ, मायाको पम्प (आडम्बर) कति छ, त्यसैले मनुष्यहरूले सम्झन्छन्– यो त स्वर्ग नै हो। हवाईजहाज, बिजुली आदि के के छन्, यी सबै मायाका पम्प हुन्। यी अब समाप्त हुन्छन्। फेरि स्वर्गको स्थापना हुन्छ। यी बिजुली आदि सबै स्वर्गमा हुन्छन्। तर यी सबै स्वर्गमा कसरी आउँछन्? अवश्य पनि कोही जानकारी भएको चाहियो नि। तिमीसँग धेरै राम्रा राम्रा कालीगढहरू पनि आउनेछन्। उनीहरू राज्य भाग्यमा त आउँदैनन् तापनि तिम्रा प्रजामा आउनेछन्। इन्जीनियर आदि ज्ञान भएका राम्रा राम्रा कालीगढ आउने छन्। यो सारा फेसन बाहिर बेलायतबाट आउँछ। त्यसैले बाहिरकालाई पनि तिमीले शिवबाबाको परिचय दिनुछ, बाबालाई याद गर्नुहोस् भन्नुछ। तिमीले पनि योगमा रहने धेरै पुरुषार्थ गर्नुपर्छ, यसैमा धेरै मायाको तुफान आउँछ। बाबाले केवल भन्नुहुन्छ– म एकलाई याद गर। यो त राम्रो कुरा हो नि। क्राइस्ट पनि उहाँका रचना हुन्, रचयिता परम आत्मा त एक हुनुहुन्छ। अरू सबै रचना हुन्। वर्सा रचयिताबाट नै मिल्छ। यस्ता राम्रा प्वाइन्टहरू टिपोट गर्नुपर्छ।

बाबाको मुख्य कर्तव्य हो सबैलाई दु:खबाट मुक्त गर्नु। उहाँले सुखधाम र शान्तिधामको द्वार खोल्नुहुन्छ। उहाँलाई भन्छन्– हे मुक्तिदाता दु:खबाट मुक्त गरेर हामीलाई शान्तिधाम-सुखधाममा लैजानुहोस्! यहाँ सुखधाम भएपछि बाँकी आत्माहरू शान्तिधाममा रहन्छन्। स्वर्गको द्वार बाबाले नै खोल्नुहुन्छ। एउटा द्वार खुल्छ नयाँ दुनियाँको, अर्को शान्तिधामको। अहिले जुन आत्माहरू अपवित्र भएका छन् तिनीहरूलाई बाबाले श्रीमत दिनुहुन्छ– आफूलाई आत्मा सम्झेर मलाई याद गर्यौ भने तिम्रो पाप काटिन्छ। अब जस जसले पुरुषार्थ गर्छन् उनीहरूले आफ्नो धर्ममा उच्च पद पाउँछन्। पुरुषार्थ नै गरेनन् भने सानो पद पाउँछन्। राम्रा राम्रा प्वाइन्टहरू टिपोट गर्यौ भने समयमा काम आउनसक्छ। भन, शिवबाबाको कर्तव्य हामीले बताउँछौं। उनीहरूले भन्छन्– यो फेरि को हो जसले परमपिता परमात्मा शिवको कर्तव्य बताउँछ। भन, हामी आत्मा रूपमा सबै भाइ भाइ हौं। फेरि प्रजापिता ब्रह्माद्वारा रचना रच्नुहुन्छ अनि भाइ-बहिनी हुन्छौं। परमपिता परमात्मा जसलाई मुक्तिदाता, गाइड भनिन्छ। उहाँको कर्तव्य हामीले तपाईलाई बताउँछौं। हामीलाई परमपिता परमात्माले नै बताउनुभएको हो, त्यसैले तपाईलाई बताउँछौं। यो पनि सम्झाउनुपर्छ– सन सोज फादर। आत्मा बिल्कुलै सानो तारा हो, यी आँखाबाट त्यसलाई देख्न सकिँदैन। दिव्य दृष्टिबाट साक्षात्कार हुनसक्छ। बिन्दु हो, हेरेर के फाइदा हुनसक्छ र? बाबा पनि त्यस्तै बिन्दु हुनुहुन्छ, उहाँलाई परम आत्मा भनिन्छ। आत्मा हुन त उस्तै हो तर उहाँ परम अर्थात् सुप्रिम हुनुहुन्छ, ज्ञानका सागर हुनुहुन्छ, आनन्दका सागर हुनुहुन्छ, मुक्तिदाता र गाइड हुनुहुन्छ। उहाँको धेरै

महिमा गर्नुपर्छ। अवश्य पनि बाबा आउनुहुन्छ तब त साथमा लैजानुहुन्छ नि। आएर ज्ञान दिनुहुन्छ। बाबाले नै बताउनुहुन्छ– आत्मा यति सानो छ, म पनि त्यस्तै छु। ज्ञान पनि अवश्य कुनै शरीरमा प्रवेश गरेर दिनुहुन्छ। आत्माको नजिकै आएर बस्छु। ममा शक्ति छ, अङ्गहरू मिलेपछि म मालिक बन्छु। म बसेर यी अङ्गहरूद्वारा सम्झाउँछु, यिनलाई एडम पनि भनिन्छ। एडम हुन् सबैभन्दा पहिलो मनुष्य। मनुष्यको वंशवृक्ष हुन्छ नि। यिनी माता-पिता पनि बन्छन्, यिनैबाट फेरि रचना हुन्छ, हुन् पुराना तर गोदमा लिइएका हुन्, नत्र ब्रह्मा कहाँबाट आए? ब्रह्माका पिताको नाम कसैले बताओस्। ब्रह्मा, विष्णु, शङ्कर– यी कसैका रचना त हुनुपर्छ नि! रचयिता त एउटै हुनुहुन्छ, बाबाले त यिनलाई गोदमा लिनुभएको छ। यो ज्ञान यी साना बच्चाहरूले बसेर सुनाउने हो भने त भन्नेछन् यो त धेरै ठुलो ज्ञान हो।

जुन बच्चाहरूलाई राम्रो धारणा हुन्छ उनीहरूलाई धेरै खुसी हुन्छ, कहिल्यै हाइ आउँदैन। कसैले बुझेको छैन भने हाइ गरिरहन्छ। यहाँ त तिमीलाई कहिल्यै हाइ आउनुहुँदैन। कमाइका बेला कहिल्यै हाइ आउँदैन। ग्राहक भएनन्, धन्दा चलेन भने हाइ आइरहन्छ। यहाँ पनि धारणा हुँदैन। कतिले त बिल्कुलै बुझ्दैनन् किनकि देह अभिमान छ। देहीअभिमानी बनेर बस्न सक्दैनन्। कुनै न कुनै बाहिरको कुरा याद आउँछ। प्वाइन्टहरू आदि पनि टिपोट गर्नसक्दैनन्। तीक्ष्ण बुद्धि भएकाले तुरुन्तै टिपोट गर्छन्– यी प्वाइन्टहरू धेरै राम्रा छन्। विद्यार्थीको चालचलन पनि शिक्षकले देख्छन् नि। होसियार शिक्षकको नजर सबैतिर हुन्छ अनि मात्र पढाइको प्रमाणपत्र दिन्छन्। चरित्रको प्रमाणपत्र पनि दिन्छन्। कति गयल भयो, त्यो पनि हिसाब गर्छन्। यहाँ हुन त उपस्थित हुन्छन् तर केही बुझ्दैनन्, धारणा हुँदैन। कतिले भन्छन्– बुद्धि बोधो छ, धारणा हुँदैन, बाबाले के गर्न सक्नुहुन्छ! यो तिम्रो कर्मको हिसाबकिताब हो। बाबाले त एउटै पुरुषार्थ गराउनुहुन्छ। तिम्रो तकदिरमा छैन भने के गर्ने? विद्यालयमा पनि कोही पास, कोही फेल हुन्छन्। यो हो बेहदको पढाइ, जुन बेहदका बाबाले पढाउनुहुन्छ। अरू धर्मकाले गीताको कुरालाई बुझ्दैनन्। राष्ट्रियता हेरेर सम्झाउनुपर्छ। सबैभन्दा पहिला उच्च भन्दा उच्च बाबाको परिचय दिनुपर्छ। उहाँ कसरी मुक्तिदाता, गाइड हुनुहुन्छ! स्वर्गमा यी विकार हुँदैनन्। यतिबेला यसलाई भनिन्छ सैतानी राज्य। पुरानो दुनियाँ हो नि, यसलाई सत्ययुगी भनिँदैन। नयाँ दुनियाँ थियो, अहिले पुरानो भएको छ। बच्चाहरू जसलाई सेवाको सोख छ, तिनले प्वाइन्टहरू टिपोट गर्नुपर्छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) पढाइमा धेरै कमाइ हुन्छ त्यसैले खुसी खुसीले कमाइ गर्नुछ। पढ्ने बेलामा कहिल्यै हाइ आदि नआओस्, बुद्धियोग यताउता नभट्कियोस्। प्वाइन्टहरू टिपोट गरेर धारणा गरिराख्नुछ।

२) पवित्र बनेर बाबाको दिलको प्यार पाउने अधिकारी बन्नुछ। सेवामा होसियार बन्नुछ, राम्रो कमाइ गर्नु र गराउनुछ।

वरदानः– मरजीवा जन्मको स्मृतिले सर्व कर्मबन्धनहरूलाई समाप्त गर्ने कर्मयोगी भव

यो मरजीवा दिव्य जन्म कर्मबन्धनको जन्म होइन, यो कर्मयोगी जन्म हो। यस अलौकिक दिव्य जन्ममा ब्राह्मण आत्मा स्वतन्त्र हुन्छ न कि परतन्त्र। यो देह लोनमा मिलेको हो, सारा विश्वको सेवाको लागि पुरानो शरीरमा बाबाले शक्ति भरेर चलाइरहनुभएको छ, जिम्मेवारी बाबाको हो, न कि तिम्रो। बाबाले डाइरेक्सन दिनुभएको छ- कर्म गर, तिमी स्वतन्त्र होऊ, चलाउनेवालाले चलाइरहनुभएको छ। यही विशेष धारणाद्वारा कर्मबन्धनहरूलाई समाप्त गरेर कर्मयोगी बन्छौ।

स्लोगनः– समयको समीपताको फाउन्डेसन हो-बेहदको वैराग्य वृत्ति।